कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

# गोल्डेन मिडिया ग्रुप प्राइभेट लिमिटेड

को

## प्रबन्धपत्र

१) **कम्पनीको नाम:** यस कम्पनीको नाम **गोल्डेन मिडिया ग्रुप प्राइभेट लिमिटेड** हुनेछ । र, यसलाई अंग्रेजीमा **Golden Media Group Private Limited** भनिनेछ ।

२) **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. ४ मा रहनेछ । र, आवश्यकताअनुसार कार्यालयको स्वीकृति लिई रजिष्टर्ड कार्यालय परिवर्तन/स्थानान्तरण गर्न र देशका विभिन्न भागमा शाखा कार्यालय तथा सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ ।

३) **कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृति :** यस कम्पनीले सेवामूलक तथा उत्पादनमूलक व्यवसाय सञ्चालन गर्नेछ ।

४) **कम्पनीको उद्देश्य:** (१) यस कम्पनीको उद्देश्य देहायबमोजिम हुनेछ:

क) स्विकृति लिनुपर्ने निकायबाट स्वीकृति लिएर दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा समाचार पत्र वा पत्रपत्रिका र म्यागजिनको प्रकाशन तथा विक्री वितरण गर्ने ।

ख) विभिन्न भाषा र तहसँग सम्बन्धित पाठ्यसामग्री, लेखरचना, साहित्य कला र संस्कृति सँग सम्वन्धित, कृति, पुस्तक तथा पत्रपत्रिका प्रकाशन तथा सम्पादन गर्ने ।

ग) अनलाइन पत्रिका, अनलाई रेडियो र अनलाइन टेलिभिजन संचालन गर्ने साथै अनलाइन मल्टिमिडियाको रुपमा काम गर्ने ।

घ) स्वदेश तथा विदेशमा एक वा सो भन्दा वढी स्थानमा स्टेशन स्थापना गरि स्याटलाइट, केवल, टेरस्टोरियल वा अन्य तरिकाबाट टेलिभिजन च्यानलको स्थापना संचालन एवम् प्रसारण गर्ने ।

ङ) आवश्यक निकायबाट अनुमति लिएर वा अन्य संघसंस्थासँग सहकार्य गरेर एफ.एम. रेडियो संचालन गर्ने ।

च) सांगीतिक क्षेत्रको विकासका लागि क्रियाशिल रही श्रव्यदृश्य माध्यमको प्रयोग गरी लोक, आधुनिक, पप गीत, संगीत उत्पादन तथा विक्री वितरण गर्ने र विद्युतीय संचार माध्यमबाट प्रचार प्रसार गर्ने, गराउने । साथै अभिनय, निर्देशन,मोडलिंग सम्वन्धि तालिम तथा कार्यशाला गर्ने, गराउने ।

छ) म्यूजिक भिडियो, डकुमेन्ट्री र चलचित्रको निर्माण गर्ने साथै विभिन्न विधामा आधारित भएर रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम, टेलिचलचित्र, टेलि विज्ञापनको निर्माण गर्ने, प्रसारण तथा वितरण गर्ने ।

ज) विभिन्न छापा संचारमाध्यम र विद्युतिय संचारमाध्यमका साथै अनलाइन संचार माध्यमहरुका लागि विभिन्न व्यक्ति वा संस्थाको तर्फबाट विज्ञापन, सूचना मूलक सामग्री तथा प्रवद्धनात्क सामग्रीको निर्माण, उत्पादन र वितरण गर्ने ।

झ) अभिनय, नृत्य, गायन, संगीत, मोडलिंग, फोटोगाफी सम्वन्धि तालिम प्रदान गर्ने साथै सो सम्बन्धि विद्यालय संचालन गर्ने । साथै स्टुडियो निर्माण गरी संचालन गर्ने र प्रोडक्सन हाउस सञ्चालन गर्ने ।

ञ) कागज लगायतका कच्चा पदार्थहरुबाट तयार हुने विभिन्न प्रकारका कापी, नोटबुक, फुलिस्केप, रुलिङ्ग पेपर, लेजर बुक रजिष्ट्रर, खाम फाइल लगायतका स्टेशनरी समानको उत्पादन तथा विक्री वितरण गर्ने ।

ट) स्वदेशी तथा विदेशी विभिन्न संघ, संस्था, कम्पनी, फर्म, व्यक्तिहरुको व्यवसायलाई बढावा दिनको लागि आवश्यक पर्ने विज्ञापनहरु निजहरुबाट संकलन गरी विभिन्न मीडिया ( रेडियो, टिभी, पत्रपत्रिका, पुस्तक, बुलेटिन, इन्टरनेट, अनलाईन समाचार, वेब-साइट) आदीबाट प्रचार-प्रसार, प्रर्दशन, प्रकाशन गरी विज्ञापन एजेन्सीको रुपमा विज्ञापन सम्वन्धी सम्पुर्ण कामहरु गर्ने, गराउने ।

ठ) छपाई तथा प्रकाशन सम्वन्धि कार्य गर्ने गराउने साथै सरकारी वा गैह्र सरकारी निकायबाट माग भएमा कम्पनीको तर्फबाट टेण्डरमा सहभागी हुने ।

ड) कम्पनीको आफ्नो प्रयोजनको लागि वा अन्य व्याक्ति वा संस्थाहरुको लागि श्रव्य-दृष्य कार्यक्रहरुको निर्माण तथा प्रसारण गर्ने, त्यस्ता उत्पादनको बहुसंख्यक प्रतिलिपि तयार गर्ने तथा बिक्री-बितरण गर्ने ।

ढ) सञ्चारको विकासका लागि आवश्यक श्रव्य-दृष्य क्षेत्रमा कार्यरत फर्म कम्पनी तथा व्यक्तिहरुलाई उनीहरुको उत्पादन र उनीहरुको उत्पादन प्रसारणमा परिमार्जन, विकास र बजार विस्तार लगायतका क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने।

ण) स्वदेशी तथा विदेशी कम्पनीहरुको तर्फबाट प्रदर्शनीहरुमा भाग लिनुका साथै विज्ञापन दाताहरुलाई विज्ञापन सम्वन्धी बजार सर्वेक्षण, परामर्श, अनुशन्धान, सम्वन्धि सेवा उपलब्ध गराउने ।

त) सूचना प्रविधिको सहायतामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म फोटो प्रदर्शनी, विज्ञापन सम्वन्धी सभा सेमिनार सञ्चालन गर्ने ।

थ) सभा, समारोह एवं विभिन्न कार्यक्रम आदि स्थलहरुमा कार्यक्रम व्यवस्थापन (Event Managenment) तथा सो सम्वन्धि कार्यहरुमा सहयोगि/ सल्लाहकारको रुपमा कार्यहरु गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानुनबमोजिम सम्वन्धित नियकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्वन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतको प्रतिलिप कार्यालयमा पेश गरिनेछ ।

५) <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु</u> : यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछः-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने, आयात गर्ने वा भाडामा लिई प्रयोग गर्ने, वा खरिदबिक्री गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खोल्ने र संचालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्ने तथा त्यसलाई विक्री गर्ने ।

(च) अन्य आवश्यक कुराहरु :

१) कम्पनीले आफ्नो उद्देश्य पूरा गर्न कम्प्यूटर तथा विज्ञान प्रविधिका अन्य कुनै पनि वस्तु, सेवाहरुको सहायता लिन सक्नेछ ।

२) प्रचलित कानूनबमोजिम आवश्यक स्वीकृति लिनुपर्नेमा सो लिई कम्पनीले स्थानीय रुपमा वा विदेशमा समेत शाखा तथा सम्पर्क कार्यालयहरु स्थापना गर्ने, संचालन गर्ने तथा माथि उल्लेखित उद्देश्यसँग सम्बन्धित सहायक प्रकृतिका कुनै कार्यहरु संचालन गर्न सक्नेछ ।

३) सम्बन्धित उद्देश्य पूर्तिको सिलसिलामा कम्पनीले ह्रासकट्टी कोष, जगेडा कोष, उपदान कोष, अवकाश कोष, कर्मचारी कल्याण कोष, दानदातव्य कोष तथा अन्य कोषहरु खडा गर्न, संचालन गर्न सक्नेछ ।

४) कम्पनीले आफ्नो कारोबारको सिलसिलामा वा आफ्नो हित सुरक्षित गर्न आवश्यक भएमा आफ्नो वा आफ्ना अधिकृत तथा कर्मचारीहरुको तर्फबाट जुनसुकै निकायमा निवेदन दिन, मुद्दा दायर गर्न, प्रतिवाद वा प्रतिरक्षा गर्न मिलापत्र गर्न एवं उपरोक्त कार्यका लागि अन्य कसैलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ । विवाद एवं मुद्दाहरुलाई अदालत वा सम्बन्धित निकाय, ट्राइबुनल, मध्यस्थ वा अरु कार्यालयमा आवश्यकतानुसार पेश गर्न सक्नेछ ।

५) कम्पनीले आफ्नो व्यावसायिक नाम, लोगो, ट्रेडमार्क तथा अन्य कसैको स्वामित्व भएको ट्रेडमार्क आवश्यक स्विकृति लिएर दर्ता गर्न, प्रयोग गर्न सक्नेछ ।

६) कम्पनीले आफ्नो मुख्य उद्देश्य प्राप्तिमा लाभान्वित हुने ठानेमा आफूले गर्ने गरी अधिकार वा अनुमति पाएको वा आफ्नो उद्देश्य अन्तर्गत परेको कार्य गरिरहेको वा गर्ने कुनै व्यक्ति, फर्म, कम्पनीको व्यावसायिक सम्पत्ति, अधिकार, इजाजत, अनुमति तथा दायित्वको सबै वा केही अंश प्राप्त गर्न, जिम्मा लिन, अंगिकार गर्न वा भोग गर्न सक्नेछ

७) कम्पनीसँग जगेडा रहेको रकमलाई संचालक समितिको निर्णयाअनुसार व्याज पाउने वा नपाउने गरी लगानी गर्ने वा बैंकमा राख्ने ।

८) कम्पनीको नाममा बैंकहरुमा विभिन्न प्रकारका खाताहरु खोल्ने, विल अफ एक्सचेन्ज, बिल अफ लेडिङ, प्रोमिसरी नोट, चेक, ड्राफ्ट तथा अन्य नेगोसियबल तथा ट्रान्सफरेबल बिलहरु, स्वीकृत गर्ने तथा जारी गर्ने ।

६) **कम्पनीको पुँजीको संरचना :-** कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :

(क) कम्पनीको अधिकृत पुँजी रु. १,००,००,०००/- (अक्षरुपी एक करोड रुपैयाँ) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००/- दरका १,००,००० (एक लाख)) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी गर्ने पुँजी रु.७५,००,०००/- (अक्षरुपी पचहत्तर लाख रुपैयाँ) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००/- दरका ७५,००० (पचहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु. ७५,००,०००/- ( अक्षरुपी पचहत्तर लाख रुपैयाँ) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००/- दरका ७५,००० पचहत्तर हजार)) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

७) **कम्पनीको शेयरको किसिम :** कम्पनीको शेयरको संरचना देहाय बमोजिम हुनेछ :

(क) कम्पनीका शेयरहरु सबै साधारण शेयरमा मात्र विभाजन गरी जारी गरिएको छ ।

(ख) तत्काल अग्राधिकार शेयरसम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

८) **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :**

(क) संचालक समितिको पूर्वस्वीकृति नलिई कम्पनीको शेयर कुनै व्यक्ति वा संगठित संस्थालाई बिक्री वितरण गरिने छैन ।

(ख) संस्थापकहरुले लिन कबुल गरेको शेयर बापतको रकम पूरा चुक्ता (भुक्तान) नभएसम्म हक धितोबन्धक राख्न पाइने छैन । तर, संस्थापकहरुले आफ्नो असमर्थता देखाई आफूले लिन कबुल गरेको शेयर बापतको रकम भुक्तान गर्न नसक्ने व्यहोराको लिखित जानकारी समिति समक्ष पेश गरे त्यस्तो शेयर सञ्चालक समितिबाट निर्णय गरी कम्पनीमा जगेडामा राख्न सकिनेछ । र, कम्पनीमा जगेडामा रहेको शेयर बिक्री गर्न प्रथम वार्षिक साधारणसभा हुन आवश्यक पर्ने छैन ।

(ग) संस्थापकहरुले आफ्नो शेयरमाथिको हक छाड्न सक्नेछन् । तर त्यसरी हक छाड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता कायम रहेका शेयरधनीहरुलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एकभन्दा बढी शेयरधनीहरुले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । कायम रहेका कुनै पनि शेयरधनीले शेयर लिने इच्छा नगरेमा संचालक समितिको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई शेयर बिक्री गर्न सकिनेछ ।

(घ) कुनै संस्थापक शेयरधनीले शेयर धितोबन्धक राखेकोमा धितोबन्धकी निखन्न नसक्ने अवस्था परी धितोबन्धकी राखेको शेयरहरु अरु कुनै संस्थापक वा संस्थापकहरुले धितोबापतको रकम तिरी आफ्नो नाममा नामसारी गर्न सक्नेछन । तर कुनै पनि संस्थापकले धितोबापतको रकम तिरी आफ्नो नाममा नामसारी गर्न नचाहेमा धितोबन्धकी लिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाका नाममा नामसारी गर्न सकिनेछ ।

९) **शेयरबापतको रकमको भुक्तानी :**

(१) कम्पनीले आफ्नो आवश्यकता अनुसार संचालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयरबापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयरबापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समय भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०) **शेयरधनीको अधिकतम संख्या** : यस कम्पनीमा बढीमा ३० जनासम्म शेयरधनी कायम रहनेछन् । तर कर्मचारीहरुलाई शेयर बिक्री गर्ने योजना अन्तर्गत कम्पनीका शेयर खरिद गरेका कर्मचारी वा त्यस्तो योजना अन्तर्गत शेयर खरिद गरी सकेका तर तत्काल कम्पनीका सेवामा नरहेका कर्मचारीलाई शेयरधनीको अधिकतम संख्याको निर्धारण गरिने छैन ।

११) **दायित्व सीमित हुने** : यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा सो व्यवस्था लागू हुने छैन ।

१२) **अन्य आवश्यक कुराहरु** : (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(२) संस्थापकले नगदबाहेक कुनै किसिमबाट शेयर खरिद गर्न पाउने गरी कम्पनीको सञ्चालक समितिले स्वीकृति दिएमा तथा अन्य शेयरवालाले नगद बाहेक अन्य कुनै किसिमबाट शेयर

खरिद गर्न पाउने गरी वार्षिक साधारणसभाले स्वीकृति दिएमा शेयरमा हक प्राप्त गर्न सक्नेछ ।

(३) कम्पनीले कारोबार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्न पाउने गरी सञ्चालक समितिले स्वीकृति दिएमा हक प्राप्त गर्न सक्नेछ ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने गरी सर्वसम्मत सम्झौता भएकोमा सोही बमोजिम र अन्य अवस्थामा साधारणसभाले स्वीकृत दिए बमोजिम हुनेछ ।

१३) **कम्पनीको प्रकृति अनुसार थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने** : छैन ।

१४) **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था** : यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारणसभाबाट विशेष प्रस्ताव पारित गरी वा सर्वसम्मत सम्झौतामा उल्लेख भएबमोजिम निर्णय गरी सो प्रस्ताव वा निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१५) **प्रबन्ध पत्र बाझिएको हदसम्म अमान्य हुने** : यस प्रबन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूसँग बाझिएमा बाझिएका हदसम्म स्वतः बदर हुनेछन् ।

१६) **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण**: हामी **गोल्डेन मिडिया ग्रुप प्राइभेट लिमिटेड**का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानूनबमोजिम संचालन गर्न मंजुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लिखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षीसम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झूठा ठहरिन गएमा कम्पनी दर्तापश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झूठा ठहरे कानूनबमोजिम सहन बुझाउन मंजुर छौं भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | ना.प्र.प. नं. र प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | ना.प्र.प. नं.र प्राप्त गरेको जिल्ला |
|---|---|---|---|---|---|
| द........<br>नामः-ऋषिराम काफ्ले<br>पोखरा लेखनाथ महानगरपालिका वडा नं. १५, कास्की | लाल प्रसाद काफ्ले | ९०१८, स्याङ्जा | ३७५०० | द........<br>नाम -महेन्द्र अधिकारी<br>पोखरा लेखनाथ महानगरपालिका वडा नं. २०, कास्की | कास्की |

| | | | | | |
|---|---|---|---|---|---|
| द... नामः-गंगाधर पराजुली चपाकोट गाविस वडा नं. ८, भई हाल पोखरा लेखनाथ म.न.पा. २३, कास्की<br>दा. बा. | देबीलाल पराजुली | ११८९५३, कास्की | ३७५०० | द. नामः-सुशिला कुमारी पौडले पराजुली पोखरा लेखनाथ म.न.पा. २३, कास्की<br>दा. बा. | कास्की |

**इति संवत् २०७४ साल आश्विन महिना २९ गते रोज ०१ शुभम् ..........................................।**

**मस्यौदाकार**

दस्तखत

नाम : अधिवक्ता दामोदर तिम्सिना

प्र.प.नं.- १४६०४

सम्पर्क नं. : ९८५१०८४९३८, ०१-४४१२६६०